## नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको
## २०८० साल पौष १३ गते शुक्रवारका दिन सम्पन्न
## ७५ औं बार्षिक साधारण सभामा पेश भएका प्रस्ताव तथा निर्णयहरु

### १. वैधानिक सभा

कम्पनी ऐन, २०६३ र कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम कम्पनीको ७५ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मण पौडेलज्यूको अध्यक्षतामा निम्न स्थान, मिति र समयमा देहायका विषयहरु उपर छलफल गरी विधिवत रुपमा सम्पन्न भयो ।

***७५ औं साधारणसभा भएको स्थान, मिति र समय***

स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौं ।
मिति : २०८०/०९/१३ गते शुक्रवार (ई.स.२९/१२/२०२३ )
समय : बिहानको ११:०० वजे

### २. छलफल भएका बिषयहरु

**(क) सामान्य प्रस्तावहरु:-**

१) आ.व.२०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) आ.व.२०७९/८० को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३) कम्पनीको आ.व २०७९/८० को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी १,४९,४७,६५,३९९।९७ (अक्षरुपी एक अर्व उनान्चास करोड सत्तचालिस लाख पैसट्ठी हजार तीन सय उनान्सय र पैसा सन्तानब्बे ) को १० प्रतिशतका दरले हुने वोनश शेयर रु १४,९४,७६,५३९.९७ ( चौध करोड चौरानब्बे लाख छैहत्तर हजार पाँच सय उनान्चालिस र पैसा सन्तानब्बे मात्र) बराबरको वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.५२६३ प्रतिशतले हुने रु ७८,६७,१८६.३१ (अठहत्तर लाख सत्तसट्ठी हजार एक सय छैयासी र पैसा एकतिस मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४) कम्पनीको आ.व.२०८०/८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५) कम्पनीमा रिक्त विज्ञ स्वतन्त्र सञ्चालकमा वीर बिक्रम रायमाझीलाई ४ वर्षका लागि अर्थात मिति २०८३/१२/०८ सम्म र संस्थापक शेयधनी समुह तर्फ रिक्त सञ्चालकमा अग्रिम इन्टरनेशनल प्रा.लि.का प्रतिनिधि निशान्त जोगाइ र सर्वसाधारण शेयरधनी समुह तर्फ रिक्त सञ्चालकमा समिकरण इन्भेष्टमेन्ट प्रा.लि का प्रतिनिधि दिवाकर पौडेललाई मिति २०७९/१२/०१ देखि सञ्चालकमा मनोनित गरिएकोमा सर्वसाधारण शेयरधनी समुह तर्फका सञ्चालक दिवाकर पौडेलले मिति २०८०/०८/१९ गते देखि सञ्चालक पदबाट राजिनामा दिनु भई रिक्त सञ्चालकमा मिति २०८०/०८/१९ गते देखि गुहेश्वरी क्यापिटल प्रा. लि.का प्रतिनिधि सजल मास्केलाई बाँकी कार्यकालका लागि सञ्चालकमा मनोनित गरिएकोले सो को अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :-**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,४९,४७,६५,३९९।९७ (अक्षरुपी एक अर्ब उनान्चास करोड सत्तचालिस लाख पैसट्ठी हजार तीन सय उनान्सय र पैसा सन्तानब्बे) को १० प्रतिशतका दरले हुने वोनश शेयर रु १४,९४,७६,५३९.९७ ( चौध करोड चौरानब्बे लाख छैहत्तर हजार पाँच सय उनान्चालिस र पैसा सन्तानब्बे मात्र ) बराबरको वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२) कम्पनीको आ.व. २०७९/८० को वोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी रु एक अर्ब चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे ) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएक्रो जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३) कम्पनीको नियमावली को नियम २६ को उपनियम २ मा २ (क) थप गरी "हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्न सकिने छ" भन्ने व्यवस्था थप गर्ने बारे ।

४) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीबाट भएका खर्च अनुमोदन गर्ने ।

५) संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**ग) विविध :**

**३. उपस्थिति :**

**(क) सञ्चालक समितिको उपस्थितिः**

| | | |
|---|---|---|
| श्री लक्ष्मण पौडेल | - अध्यक्ष | - प्रतिनिधि, नेपाल बैंक लि |
| श्री चन्द्रसिंह साउद | - सञ्चालक | - प्रतिनिधि, चार्टड क्यापिटल एण्ड ई.कं. |
| श्री सबिता श्रेष्ठ जोशी | - सञ्चालक | - सर्वसाधरण शेयरधनी समूह |
| श्री निशान्त जोगाई | - सञ्चालक | - प्रतिनिधि अग्रिम इन्टरनेशनल प्रा.लि. |
| श्री वीर बिक्रम रायमाझी | - स्वतन्त्र सञ्चालक | - स्वतन्त्र विज्ञ सञ्चालक |
| श्री सजल मास्के | - सञ्चालक | - सर्वसाधरण शेयरधनी समूह |

**(ख) कम्पनीका पदाधिकारीहरुको उपस्थिति**

| | |
|---|---|
| श्री वीरकृष्ण महर्जन | - प्रमुख कार्यकारी अधिकृत |
| श्री ईश्वर पोखरेल | - नायव प्रमुख कार्यकारी अधिकृत |
| श्री चन्द्र नाथ उप्रेती | - सहायक प्रमुख कार्यकारी अधिकृत(कम्पनी सचिव) |
| श्री दयानिधि प्र.ओझैया | - मुख्य प्रबन्धक (दावी विभाग) |
| श्री उमेश अवस्थी | - मुख्य प्रबन्धक (लेखा तथा वित्त विभाग) |
| श्री गोकर्ण प्रसाद खतिवडा | - मुख्य प्रबन्धक (बजार व्यवस्थापन विभाग) |
| श्री हरिहरमानसिंह बस्नेत | - मुख्य प्रबन्धक (मानवस्रोत तथा व्यवस्थापन सेवा विभाग) |
| श्री समुन्द्र के.सी. | - बरिष्ठ प्रबन्धक -आरआई विभाग) |
| श्री सुलना श्रेष्ठ | - प्रबन्धक (कानुन विभाग) |
| श्री अनल राउत | - प्रबन्धक (जोखिमाकंन विभाग) |

**(ग) पर्यवेक्षक तथा प्रतिनिधिहरुको उपस्थिति**

१) संस्थापक शेयरधनी नेपाल बैंक लि.को तर्फबाट श्री प्रविण कुमार घिमिरे ।

२) संस्थापक शेयरधनी एशियन लाईफ इन्स्योरेन्स लिमिटेडको तर्फबाट श्री होम बहादुर श्रेष्ठ

३) संस्थापक शेयरधनी गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स लिमिटेडको तर्फबाट सञ्चालक श्री सजल मास्के

४) संस्थापक शेयरधनी बिशाल मिनेरल्स एण्ड माइन्स प्रा.लि, ए.ए..इन्भेष्टमेण्ट प्रा.लि, प्रुडेन्सियल क्यापिटल मेनेजमेन्ट कं, युनाईटेड डिष्ट्रिब्युटर्स, लाईफ केयर डिष्ट्रिब्युटर्स, एशियन डिष्ट्रिब्युटर्स, भि.जि. अटोमोवाईल्स, अग्रिम ईन्टरनेशनल तथा पुजा ईन्टरनेशनलको तर्फबाट सञ्चालक श्री निशान्त जोगाई ।

५) संस्थापक शेयरधनी चार्टर्ड क्यापिटल एण्ड ईन्भेष्टमेन्ट लि. को तर्फबाट श्री चन्द्रसिंह साउद ।

**(घ) शेयरधनीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १) स्वयम् | | १८७ |
| २) प्रतिनिधि | | ५ |
| | जम्मा | १९२ |

## ४. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम)

| विवरण | कुल सङ्ख्या | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी | २१४९६ | १९२ | ०.८९% |
| शेयर सख्या | १,४९,४७,६५४ शेयर संख्या मध्ये ८५,३४,०४५ को प्रतिनिधित्व भएको । | - | ५७.०९ % |

## ५.सभाको वैधानिकता

साधारणसभामा उपस्थित हुनुभएका शेयरधनी एवम् अन्य महानुभावहरुलाई सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम आवश्यक गणपूरक सङ्ख्या पुगिसकेको हुँदा सभा वैधानिक भएकाले सभा सञ्चालन गर्नका लागि सभाबाट अनुमति लिई कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भएअनुसार सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मण पौडेलले गर्नुभयो । सभामा सञ्चालक समितिका अध्यक्ष एवम् सभाका अध्यक्ष, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत, सहायक प्रमुख कार्यकारी अधिकृत, मुख्य प्रबन्धकहरु लगायत विभागिय प्रमुखहरु, अन्य कर्मचारीहरु, शेयरधनी महानुभावहरु, तथा अन्य आमन्त्रित नियामक निकायका प्रतिनिधि/पर्यवेक्षकहरुको आसन ग्रहण सम्पन्न गरीसके पछि सभाका अध्यक्ष श्री लक्ष्मण पौडेल ज्यू बाट पानसको दियोमा वत्ति बाली बिधिवत् रुपमा सभाको उदघाटन गर्नु भयो । तत्पश्चात् कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री वीरकृष्ण महर्जनबाट सभामा उपस्थित सम्पूर्ण अतिथि, प्रतिनिधि/पर्यवेक्षक, कर्मचारी लगायत शेयरधनी महानुभावहरुलाई स्वागत मन्तव्य राख्दै कम्पनीको आ.व. ०७९/०८० को प्रगति समिक्षा तथा भावी कार्यक्रम र योजनाहरुको बारेमा धारणा व्यक्त गर्नु भयो । .

## ६.वार्षिक प्रतिबेदन प्रस्तुति र छलफल

सभामा सञ्चालक समितिका अध्यक्ष एवम् सभाका सभाध्यक्ष श्री लक्ष्मण पौडेलले सञ्चालक समितिका तर्फबाट कम्पनीको आ.व.०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुका साथै आ.व.०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचिहरु उपर जिज्ञासा एवं सुझावहरु भए

छलफलमा सहभागी हुन उपस्थित शेयरधनीहरुलाई अनुरोध भए बमोजिम देहाय बमोजिमका शेयरधनी महानुभावहरु छलफलमा सहभागी हुनुभयो ।

**छलफलमा प्रत्यक्ष सहभागी शेयरधनीहरु :**

१) श्री चन्द्र नारायण श्रेष्ठ
२) श्री निरुपमा गुप्ता
३) श्री उद्धव प्रसाद घिमिरे
४) श्री बह्मदेव शाक्य
५) श्री डमरु बल्लभ घिमिरे
६) श्री महेन्द्र बहादुर श्रेष्ठ
७) श्री शत्रुघन श्रेष्ठ
८) श्री रामगोपाल महर्जन

**सभामा उठेका प्रश्न, जिज्ञासा, सुझाव र प्रतिक्रिया संक्षिप्त रुपमा निम्न बमोजिम रहेका छन् :-**

१) श्री चन्द्र नारायण श्रेष्ठ

- निर्जिवन बीमा कम्पनीहरु मध्ये सबै भन्दा पहिले वार्षिक साधारण सभा सम्पन्न गर्न सफल भएकोमा धन्यवाद दिन चाहन्छु ।
- अहिलेको परिस्थितीमा पनि १० प्रतिशत बोनश शेयर दिन कम्पनी सफल हुनु राम्रो पक्ष भएको ।
- नेपाल बीमा प्राधिकरणले तोके बमोजिमको पूजिँ पुऱ्याउने योजना प्रष्ट पारीदिनु हुन ।
- हकप्रद शेयर जारी गर्ने तर्फ पहल गर्नु पऱ्यो ।

२) श्री निरुपमा गुप्ता

- कम्पनीको Performance राम्रो देखिन्छ ।
- Financial Indicator राम्रो छ ।
- बीमा शुल्क बढाउने तर्फ जोड दिनु पऱ्यो ।

३) श्री उद्धव प्रसाद घिमिरे

- बीमकको वित्तिय विवरण सम्बन्धी निर्देशन, २०८० बमोजिम बार्षिक प्रतिवेदन तयार गरी समयमै साधारण सभा सम्पन्न गर्न सकेकोमा धन्यवाद ।
- कम्पनीले ७५ वर्ष पुरा गरि सकेको हुँदा Diamond jubilee बारे कहिँ कतै उल्लेख भएको भए राम्रो हुने थियो ।
- १० प्रतिशत बोनश शेयर दिनु भएकोमा धन्यवाद ।
- कम्पनीको कमलादी स्थित साविक प्रधान कार्यालय रेहेको स्थानमा नयाँ भवन कहिले सम्म बनाई सक्ने हो जानकारी पाउन पाए राम्रो हुने थियो ।
- नाफामा कम्पनी उत्कृष्ट भएतापनि बीमा शुल्क बढाउने तर्फ पनि जोड दिनु पऱ्यो । सामुन्द्रिक बीमा, हवाई बीमा र सम्पत्ति बीमा बढाउने तर्फ पहल गर्नु पऱ्यो ।

४) श्री बह्मदेव शाक्य

- नेपालको पहिलो निर्जिबन बीमा कम्पनीको रुपमा स्थापित यस कम्पनीलाई मर्जरमा नलगी नियामक निकायले तोकेको चुक्ता पुँजी पुऱ्याउने कम्पनीको योजना एकदम राम्रो पक्ष हो ।

- कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत जाजरकोट तथा रुकुम पश्चिम क्षेत्रका भुकम्प पिडितहरुलाई प्रधानमन्त्री दैविक प्रकोप उद्धार कोषमा राहत स्वरुप रु २५ लाख सहयोग प्रदान गर्नु स्वागतयोग्य छ ।
- बीमा शुल्क बढाउन नयाँ बीमालेख ल्याउनु पर्ने ।

५) श्री डमरु बल्लभ घिमिरे

- कम्पनीले आर्थिक वर्ष समाप्त भएको ६ महिना नपुग्दै साधारण सभा गर्न सफल भएकोलेमा धन्यवाद ।
- १० प्रतिशत बोनश शेयर दिन सक्नु गौरवको बिषय रहेको ।
- कम्पनी मर्जरमा नगएको राम्रो ।
- लाभाशं दिन कम्पनी सक्षम भएको छ ।
- कम्पनीको निर्माण हुन लागेको नयाँ भवन छिटो बनाउने तर्फ ध्यान दिनु पऱ्यो ।

६) श्री महेन्द्र बहादुर श्रेष्ठ

- नेपाल बैंक लिमिटेडबाट बीमा व्यवसाय प्राप्त भएको छ छैन ?
- नियामक निकायले तोके बमोजिमको पूँजी पुऱ्याउने तर्फ लाग्नु पऱ्यो ।
- दावी भुक्तानी प्रक्रियालाई छिटो र छरितो बनाउनु पर्ने र Fraud Claim लाई रोक्नु पर्ने ।

७) श्री शत्रुघन श्रेष्ठ

- समयमै साधारण सभा गर्न सफल हुनु भएको विशेष धन्यवाद ।
- न्यून आय भएका क्षेत्रमा बीमाको पहुँच पुऱ्याउने तर्फ जोड दिनु पऱ्यो ।
- कृषि बीमा तर्फ जोड दिनु पऱ्यो ।
- बोनस शेयरलाइ निरन्तरता दिनु पऱ्यो ।

८) श्री राम गोपाल महर्जन

- १० प्रतिशत बोनश शेयरका लागि धन्यवाद ।
- नेपालको पहिलो बीमा कम्पनी भएतापनि समय सापेक्ष अन्य बीमा कम्पनीको तुलनामा बीमा शुल्क आर्जन गर्न नसकेको हुँदा सो तर्फ पहल गर्नु पऱ्यो ।
- कर्मचारीहरुलाई समयानुकुल तालिम र सुविधा दिने व्यवस्था मिलाउनु पऱ्यो ।

**सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री लक्ष्मण पौडेल ज्यूको जवाफ :**

कम्पनीको वार्षिक साधारण सभाको छलफलमा सहभागी हुनु भएका शेयरधनी महानुभावहरुले राख्नु भएका जिज्ञासा एवं सुझावहरुको लागि धन्यवाद व्यक्त गर्दै सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री लक्ष्मण पौडेल ज्यूले देहाय बमोजिम जवाफ दिनुभयो ।

- आफ्ना अमूल्य सुझाव एवम् सल्लाह दिनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुमा धन्यवाद ।
- कम्पनीको चुक्ता पुँजी पुऱ्याउने तर्फ कम्पनी आफ्नो कार्य योजना अनुसार अगाडी बढेको र सोही क्रममा केही जग्गा तथा शेयरहरु बिक्रि गरिसकिएको र नपुग रकम हकप्रद शेयर जारी गर्ने तर्फ नेपाल बीमा प्राधिकरणमा स्वीकृतिका लागि पहल गरिने छ ।
- कम्पनीको Financial Indicator राम्रो छ भन्नु भएकोमा सो को लागि धन्यवाद ।
- कम्पनीको स्वामित्वमा रहेको काठमाण्डौं महानगरपालिका वडा नं २८ कमलादी स्थित साविक प्रधान कार्यालय रहेको स्थानमा नयाँ भवन बनाउने क्रममा महानगरपालिकाबाट नक्शा पास भई भवन निर्माण कर्ताहरुको

प्राविधिक प्रस्ताव छनौट गर्ने कार्य अन्तिम चरणमा रहेको र सो कार्य सम्पन्न भई छनौटमा परेका निर्माणकर्ताहरुको आर्थिक प्रस्ताव खोलिने कार्य सम्पन्न हुनसाथ भवन निर्माण प्रकृया थालिने छ ।

- बीमा शुल्क घटेको सम्बन्धमा समग्रमा बैंक तथा वित्तिय क्षेत्रमा देखिएको आर्थिक शिथिलता बीमा क्षेत्रमा पनि परेको कारण बीमा व्यवसाय घटेको हो ।
- कृषि बीमा, हवाई बीमा, सामुन्द्रिक बीमा बीमा व्यवसाय बढाउने तर्फ जोड दिइने छ ।
- यस कम्पनी र नेपाल बैंकसंगको सम्बन्ध राम्रो रहेको कम्पनीलाई बीमा दिने सम्बन्धमा नेपाल बैंक स्वयम् चिन्तित रहेको छ ।
- कम्पनीको दावी भुक्तानी प्रकृयालाई छिटो छरितो बनाउनुका साथै Fraud Claim निरुत्साहित गरिने छ ।
- समयानुकुल कर्मचारीहरुलाई आबश्यक तालिम तथा सुविधा प्रदान गरिने छ ।
- अन्तमा यहाँहरुको सल्लाह, सहयोग र सुझावहरुलाई आत्मसात गर्दै आगामी दिनमा यहाँहरुको सन्तुष्टिलाई ध्यानमा राखि अगाडी बढ्ने कोशिश गर्नेछौं ।

## ७. साधारण सभाका प्रस्ताव तथा निर्णयहरु

### (क) सामान्य प्रस्तावहरुः-

प्रस्ताव नं १ : आ.व. ०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

**निर्णय : सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मण पौडेल ज्यूबाट कम्पनीको ७५ औं वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट प्रस्तुत आ.व. ०७९/०८० को वार्षिक प्रतिवेदन सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं २ : आ.व.२०७९/८० को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

**निर्णय : कम्पनीको आ.व. ०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा, नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल भई सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ३ : कम्पनीको आ.व २०७९/८० को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी १,४९,४७,६५,३९९।९७ (अक्षरुपी एक अर्व उनान्चास करोड सत्तचालिस लाख पैसट्ठी हजार तीन सय उनान्सय र पैसा सन्तानब्बे ) को १० प्रतिशतका दरले हुने वोनश शेयर रु १४,९४,७६,५३९.९७ ( चौध करोड चौरानब्बे लाख छैहत्तर हजार पाँच सय उनान्चालिस र पैसा सन्तानब्बे मात्र) बराबरको वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.५२६३ प्रतिशतले हुने रु ७८,६७,१८६.३१ (अठहत्तर लाख सत्तसट्ठी हजार एक सय छैयासी र पैसा एकतिस मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय : कम्पनीको आ.व २०७९/८० को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु १,४९,४७,६५,३९९।९७ (अक्षरुपी एक अर्व उनान्चास करोड सत्तचालिस लाख पैसट्ठी हजार तीन सय उनान्सय र पैसा सन्तानब्बे ) को १० प्रतिशतका दरले हुने रु १४,९४,७६,५३९.९७ ( चौध करोड चौरानब्बे लाख छैहत्तर हजार पाँच सय उनान्चालिस र पैसा सन्तानब्बे मात्र) बराबरको**

वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.५२६३ प्रतिशतले हुने रु ७८,६७,१८६.३१ (अठहत्तर लाख सत्तसठ्ठी हजार एक सय छैयासी र पैसा एकतिस मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ४ : कम्पनीको आ.व.२०८०/८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

निर्णय : **कम्पनीको आ.व. २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री Kripa Shrestha & Associate लाई रु ४,२५,०००। (चार लाख पच्चिस हजार, मु.अ.कर बाहेक ) तथा शाखा निरीक्षणको क्रममा उपत्यका बाहिर जाँदा आउंदाको भ्रमण खर्च भुक्तानी दिने गरि लेखापरीक्षकमा नियुक्ति गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम सञ्चालक समितिले गरेको प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ५ कम्पनीमा रिक्त विज्ञ स्वतन्त्र सञ्चालकमा वीर बिक्रम रायमाझीलाई ४ वर्षका लागि अर्थात मिति २०८३/१२/०८ सम्म र संस्थापक शेयधनी समुह तर्फ रिक्त सञ्चालकमा अग्रिम इन्टरनेशनल प्रा.लि.का प्रतिनिधि निशान्त जोगाइ र सर्वसाधारण शेयरधनी समुह तर्फ रिक्त सञ्चालकमा समिकरण इन्भेष्टमेन्ट प्रा.लि का प्रतिनिधि दिवाकर पौडेललाई मिति २०७९/१२/०१ देखि सञ्चालकमा मनोनित गरिएकोमा सर्वसाधारण शेयरधनी समुह तर्फका सञ्चालक दिवाकर पौडेलले मिति २०८०/०८/१९ गते देखि सञ्चालक पदबाट राजिनामा दिनु भई रिक्त सञ्चालकमा मिति २०८०/०८/१९ गते देखि गुहेश्वरी क्यापिटल प्रा. लि.का प्रतिनिधि सजल मास्केलाई बाँकी कार्यकालका लागि सञ्चालकमा मनोनित गरिएकोले सो को अनुमोदन गर्ने ।

निर्णय **कम्पनीमा रिक्त स्वतन्त्र विज्ञ सञ्चालकमा वीर बिक्रम रायमाझीलाई ४ वर्षका लागि अर्थात मिति २०८३/१२/०८ सम्म र संस्थापक शेयधनी समुह तर्फ रिक्त सञ्चालकमा अग्रिम इन्टरनेशनल प्रा.लि.का प्रतिनिधि निशान्त जोगाइ र सर्वसाधारण शेयरधनी समुह तर्फ रिक्त सञ्चालकमा समिकरण इन्भेष्टमेन्ट प्रा.लि का प्रतिनिधि दिवाकर पौडेललाई मिति २०७९/१२/०१ देखि सञ्चालकमा मनोनित गरिएको र सञ्चालक दिवाकर पौडेलले मिति २०८०/०८/१९ गते देखि सञ्चालक पदबाट राजिनामा दिनु भई रिक्त सञ्चालकमा सोहि मिति देखि गुहेश्वरी क्यापिटल प्रा. लि.का प्रतिनिधि सजल मास्केलाई बाँकी कार्यकालका लागि सञ्चालकमा मनोनित गरिएकोले सो को अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**ख) <u>विशेष प्रस्तावहरु :-</u>**

प्रस्ताव नं १ : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,४९,४७,६५,३९९।९७ (अक्षरुपी एक अर्व उनान्चास करोड सत्तचालिस लाख पैसट्ठी हजार तीन सय उनान्सय र पैसा सन्तानब्बे) को १० प्रतिशतका दरले हुने वोनश शेयर रु १४,९४,७६,५३९.९७ ( चौध करोड चौरानब्बे लाख छैहत्तर हजार पाँच सय उनान्चालिस र पैसा सन्तानब्बे मात्र ) बराबरको वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

निर्णय : **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,४९,४७,६५,३९९।९७ (अक्षरुपी एक अर्व उनान्चास करोड सत्तचालिस लाख पैसट्ठी हजार तीन सय उनान्सय र पैसा सन्तानब्बे) को १० प्रतिशतका दरले हुने वोनश शेयर रु**

**१४,९४,७६,५३९.९७ ( चौध करोड चौरानब्बे लाख छैहत्तर हजार पाँच सय उनान्चालिस र पैसा सन्तानब्बे मात्र ) बराबरको वोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं २ : कम्पनीको आ.व. २०७९/८० को वोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी एक अर्व चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे ) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

निर्णय : **कम्पनीको आ.व. २०७९/८० को वोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी एक अर्व चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे ) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ३ : कम्पनीको नियमावली को नियम २६ को उपनियम २ मा २ (क) थप गरी "हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्न सकिने छ" भन्ने व्यवस्था थप गर्ने बारे ।

निर्णय : **कम्पनीको नियमावली को नियम २६ को उपनियम २ मा २ (क) थप गरी "हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्न सकिने छ" भन्ने व्यवस्था थप गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ४ संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीबाट भएका खर्च अनुमोदन गर्ने ।

निर्णय **२०८० साल कार्तिक १७ गते जाजरकोटको बारेकोट गाँउपालिका वडा नं ०१ रामिडाँडा केन्द्रबिन्दु भएर ६.४ म्यागिनच्युडको भुकम्प जाँदा जाजरकोट संगै छिमेकी जिल्ला रुकुम पश्चिममा ठुलो जनधनको क्षति भएकोले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त क्षेत्रका भुकम्प पिडितहरुलाई प्रधानमन्त्री दैविक प्रकोप उद्धार कोषमा राहत स्वरुप रु २५ लाख सहयोग प्रदान गरिएको हुँदा सो को अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ५ : संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

निर्णय : **संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**ग) विविधः विविध अर्न्तगत कुनै प्रस्ताव नभएको ।**

## ८. धन्यवाद ज्ञापन तथा सभा समापन

अन्तमा, शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका अमूल्य सुझाव एवं सल्लाहहरु मार्गदर्शनको रुपमा लिनें विश्वास दिलाउँदै यस सभालाई सफल पार्न सहयोग पुर्‍याउनुहुने कम्पनीका संस्थापक एवं शेयरधनी महानुभावहरु, नियामक निकायबाट आउनु भएका प्रतिनिधि/पर्यवेक्षक तथा आमन्त्रित महानुभावहरु, कर्मचारीहरु सबैलाई हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दै सभाका सभा अध्यक्ष एवम् सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मण पौडेल ज्यूबाट अपरान्ह १:१५ बजे कम्पनीको ७५ औं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

चन्द्र नाथ उप्रेती
कम्पनी सचिव

लक्ष्मण पौडेल
अध्यक्ष

मिति : २०८०/९/१३